सूचना हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

(स्वतः प्रकाशन)

# आर्थिक वर्ष ०८१/०८२

# तेस्रो त्रैमासिक (माघ - चैत्र) को कार्यालयसम्वद्ध अद्यावधिक सूचना विवरण

## लुम्बिनी प्रदेश सरकार

## उद्योग, पर्यटन तथा यातायात मन्त्रालय

## उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

## घरेलु तथा साना उद्योग कार्यालय

## गुल्मी

**फोनः ०७९-५२०११२, मोवाइलः ९८५७०८६६५४, ९८५७०८६४५४**

**इमेलः csidbgulmi@gmail.com**

**निकायको नाम र ठेगानाः घरेलु तथा साना उद्योग कार्यालय, गुल्मी**

(क) **घरेलु तथा साना उद्योग कार्यालय गुल्मीको स्वरुप र प्रकृतिः**

घरेलु तथा साना उद्योग कार्यालय गुल्मी, प्रदेश सरकार लुम्बिनी प्रदेश, उद्योग पर्यटन तथा यातायात मन्त्रालय अन्तर्गत लुम्बिनी प्रदेशका १२ जिल्लाका घरेलु तथा साना उद्योग कार्यालयहरु मध्येको एक हो। जिल्लास्थित उद्योग तथा उद्योगीहरुको व्यवसाय विकासमा टेवा दिंदै औद्योगिक प्रबर्द्धन, विकास र व्यवस्थापन गर्नु तथा सीप विकास तालिम र उद्यमशीलता विकास तालिम प्रदान गरी युवा, दलित, पिछडिएका तथा बेरोजगार युवाहरु आदिलाई आय आर्जनमा सहभागी गराउनु यस कार्यालयको मुख्य कार्य हो।

घरेलु तथा साना उद्योग कार्यालयले साना र घरेलु उद्योगहरूको दिगो विकास र आत्मनिर्भरता सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्दछ । यसको सेवामूलक र समुदायमुखी प्रकृतिले यसलाई स्थानीय विकासमा टेवा पुर्‍याउने महत्त्वपूर्ण संयन्त्रको रूपमा स्थापित गरेको छ।

**स्वरुपः**

- **मुख्य कार्यालय**: देशको प्रत्येक जिल्ला वा प्रदेशमा यो कार्यालयको एक इकाई रहन्छ।
- **कार्यालय प्रमुख**: कार्यालयमा एक अधिकृतस्तर कर्मचारी (सामान्यतया उद्योग अधिकृत) जिम्मेवारीमा हुन्छन्।
- **कर्मचारी संरचना**: योजना अधिकृत, तालिम सहायक कर्मचारी, लेखा अधिकृत, प्राविधिक कर्मचारी, सहायक कर्मचारी आदि रहन्छन्।
- **कार्य सम्पादन**: नीति कार्यान्वयन, तालिम कार्यक्रम, उद्योग दर्ता तथा नविकरण, सिफारिस आदि।

**प्रकृतिः**

घरेलु तथा साना उद्योग कार्यालयको प्रकृति निम्नानुसार व्याख्या गर्न सकिन्छ:

- **सेवामूलक**: यस कार्यालयको उद्देश्य सेवामूलक कार्यहरू जस्तैः उद्योग तथा वाणिज्य फर्म दर्ता, सिफारिस, प्रवर्द्धन, विभिन्न प्रशिक्षण, अनुगमन, प्रविधि पहिचान तथा हस्तान्तरण आदि गर्नु हो।
- **समुदायमुखी**: यसको सेवा अधिकतम रूपमा स्थानीय तहका उद्यमी, व्यवसायी तथा उत्पादनमूलक जनशक्तिमा केन्द्रित हुन्छ।

- **विकासमुखी**: यसले साना उद्योगलाई सुदृढ बनाउँदै स्थानीय रोजगारी सृजना र आर्थिक विकासमा योगदान पुऱ्याउँछ।
- **प्रशासनिक तथा प्राविधिक**: कार्यालयले उद्योग सम्बन्धी प्रशासनिक कार्य मात्र होइन, प्राविधिक सहायता र प्रशिक्षण पनि दिन्छ।

## (ख) घरेलु तथा साना उद्योग कार्यालय गुल्मीको काम, कर्तव्य र अधिकारः

- नियमानुसार घरेलु तथा साना उद्योगहरु रजिष्ट्रेशन गर्ने।
- वाणिज्य प्रशासन तथा स्थानीय व्यापार सम्बन्धी कार्य गर्ने फर्म रजिष्ट्रेशनका साथै अन्य कार्यहरु गर्ने।
- दर्ता भएका उद्योगहरुको नियम अनुसार नविकरण गर्ने।
- घरेलु तथा साना उद्योगहरुको नामसारी, ठाउँसारी, पूँजी तथा क्षमता वृद्धि, उद्धेश्य संसोधन, खारेजी आदि उद्योग प्रशासन सम्बन्धी कार्यहरु गर्ने।
- Exim Code सिफारिस गर्ने।
- प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी कार्य गर्ने।
- उद्योगी/व्यवसायीहरुलाई आवश्यक तालिम तथा प्रविधि सहयोग गर्ने।
- बजार अनुगमन गरी सरल र सहज बजार बजार व्यवस्थापनमा सहजीकरण गर्ने।
- घरेलु तथा साना उद्योगहरुको औधोगिक तथ्याङ्क अध्यावधिक गर्ने।
- उद्योगको सुविधा सिफारिस सम्बन्धी कार्य गर्ने।
- मेला महोत्सवमा उद्यमीहरुलाई सहभागी गराउने कार्य गर्ने।
- दैनिक प्रशासनिक कार्यहरु तथा तालुक निकायबाट प्रत्यायोजित अन्य सम्पूर्ण सेवाहरु।

## (ग) कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः

यस घरेलु तथा साना उद्योग कार्यालय, गुल्मीको कर्मचारी दरवन्दी तथा पदपूर्ति र रिक्त पदको विवरण देहायबमोजिम रहको छ।

| क्र.सं. | सेवा | समूह | श्रेणी/तह | पद | दरवन्दी | पदपूर्ति | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | | |
| १ | प्रदेश प्रशासन | सामान्य प्रशासन | सातौं/आठौं | उद्योग अधिकृत | १ | ० | ० | १ | |
| २ | प्रदेश प्रशासन | सामान्य प्रशासन | पाँचौं/छैठौं | ब.प्र.स/ अधिकृत | २ | २ | ० | ० | |
| ३ | प्रदेश प्रशासन | विविध | पाँचौं/छैठौं | क.अ./ अधिकृत(कम्प्युटर) | १ | ० | १ | ० | |
| ४ | प्रदेश प्रशासन | लेखा | पाँचौं/छैठौं | लेखापाल/ अधिकृत(लेखा) | १ | ० | ० | १ | |
| ५ | प्रदेश इन्जिनियरिङ्ग | सिभिल | पाँचौं/छैठौं | सब-इन्जिनियर/ अधिकृत | १ | ० | ० | १ | |
| ६ | विविध | - | चौथो/पाँचौं | उद्यम विकास सहजकर्ता | १ | ० | १ | ० | |
| ७ | प्रशासन | सामान्य प्रशासन | श्रेणी विहिन | कार्यालय सहयोगी | २ | ० | २ | ० | |
| **जम्मा** | | | | | ९ | २ | ४ | ३ | |

## (घ) कार्यालयबाट प्रदान गरिने सेवाहरुः

- **उद्योग दर्ता**

  -दर्ताको लागि आवश्यक कागजातहरुः
  - नेपाली नागरिकताको प्रमाणपत्र
  - दरखास्त ख फारम
  - कम्पनी भए सो सँग सम्बन्धित सम्पूर्ण अध्यावधिक कागजातहरु
  - जग्गा धनी पुर्जा र घरभाडा सम्झौता
  - स्थानीय तहको सिफारिस र सर्जमिन मूचुल्का (उद्योगको प्रकृति हेरी)
  - आवश्यक्ता अनुसार अन्य निकायको सिफारिस

  पुनः अनुमति लिनु पर्ने र IEE गर्नुपर्ने उद्योगको हकमा अनुमति पत्र तथा स्वीकृत IEE प्रतिवेदन

- **उद्योग नविकरण** ( आवश्यक कागजातहरु)
    - उद्योग दर्ता प्रमाणपत्र
    - अघिल्लो आर्थिक वर्षको करचुक्ता
    - पचास लाख भन्दा बढी पूँजी भएको प्राइभेट फर्मको हकमा लेखापरिक्षण प्रतिवेदन
- **पूँजी बृद्धि, क्षमता बृद्धि र उद्धेश्य परिवर्तन** ( आवश्यक कागजातहरु)
    - संसोधित ख फारम र पूँजीबृद्धि गर्नाका कारण सहित निवेदन
    - संसोधित स्किम
    - IEE/EIA स्वीकृत गराउनुपर्ने उद्योगको हकमा संसोधित IEE/EIA स्वीकृत भएको प्रतिवेदन
- **उद्योगको ठाउँसारी** ( आवश्यक कागजातहरु)
    - ठाउँसारी गर्नुपर्ने कारण सहितको निवेदन र ख फारम
    - IEE/EIA स्वीकृत गराउनुपर्ने उद्योगको हकमा संसोधित IEE/EIA स्वीकृत भएको प्रतिवेदन
    - अन्य निकायको सिफारिस वा स्वीकृति लिनु पर्ने भए सो समेत
- **उद्योगको नामसारी** ( आवश्यक कागजातहरु)
    - नामसारी गर्नुपर्नेको मनासिव कारण खुलेको निवेदन र ख फारम
    - उद्योग दर्ता प्रमाण पत्र
    - सम्बन्धित आन्तरिक राजश्व कार्यालयको सकारात्मक प्रतिक्रिया
    - सनाखत सहितको हक छोडपत्र
    - नामसारी गरी लिनेको नागरिकताको प्रमाणपत्र।

- **वाणिज्य फर्म दर्ता** ( आवश्यक कागजातहरु)
    - पूर्णरुपमा भरेको दरखास्त फारम र स्वघोषणा फारम
    - नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
    - जग्गा धनी प्रमाणपत्र र भाडाको कागजात
    - अन्य निकायको सिफारिस वा स्वीकृति लिनु पर्ने भए सो समेत

## (ङ) सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारीः

| क्र.स. | कर्मचारीको नाम/थर | पद | कार्यरत फाँट |
|---|---|---|---|
| १. | राजीव अर्याल | नि. कार्यालय प्रमुख/ अधिकृत | कार्यालय प्रमुख |
| २. | जीवन घिमिरे | वरिष्ठ प्रशासन सहायक | प्रशासन/उद्योग/वाणिज्य प्रशासन |
| ३. | नारायण पन्थी | कम्प्युटर अपरेटर | प्रशासन/उद्योग/वाणिज्य प्रशासन |
| ४. | त्रिविक्रम ज्ञवाली | उद्यम विकास सहजकर्ता | सोधपुछ/ तालिम/कार्यक्रम तथा योजना |
| ५. | मिलन भण्डारी | कार्यालय सहयोगी | सोधपुछ/ दर्ता चलानी |
| ६. | प्रेमलाल पन्थी | कार्यालय सहयोगी | सोधपुछ/ दर्ता चलानी |

## (च) सेवा प्रवाह गर्न लाग्ने दस्तुर र अवधिः

प्राइभेट फर्म दर्ता गर्दा लाग्ने राजश्व

| कार्य | लाग्ने दस्तुर | अवधि |
|---|---|---|
| प्राइभेट फर्म दर्ता<br>➢ २० लाख सम्म<br>➢ २० लाख भन्दा बढि ५० लाख सम्म<br>➢ ५० लाख भन्दा बढि जतिसूकै भएपनि | ५०००/-<br>१५०००/-<br>२५०००/- | प्रक्रिया पुगेकै दिन। |
| उद्योग दर्ता गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्तीलाइ दर्ता शुल्कमा ५० प्रतिशत छुट, प्रत्येक उद्योग दर्ता गर्दा रु १००/- दरखास्त दस्तुर लाग्नेछ। प्रा.लि./कम्पनी सूचिकृत रु १००/- दरखास्त दस्तुर मात्र लाग्ने छ। | | |

| अन्य कार्यहरु | दस्तुर | कैफियत |
|---|---|---|
| प्रा.फ. तथा सा.फ. नामसारी, ठाउँसारी, उद्धेश्य संसोधन, | रु. १००/- | निवेदन दस्तुर |

| | | |
|---|---|---|
| Exim code सिफारिस | | |
| प्रतिलिपि | रु. १०००/- | |
| पूँजीवृद्धि | दर्ता तथा साविकको पूँजी बमोजिमको शुल्क | |
| प्रा.फ./सा.फ. खारेजी | रु. १००/- निवेदन दस्तुर | नवीकरण म्याद समाप्त भएको फर्म खारेजी गर्नुपूर्व नियमानुसार लाग्ने दस्तुर दाखिला गरी खारेजीको प्रकृयामा जानेछ। |

## (छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी:

प्रचलित कानून बमोजिम हुने गरेको।

## (ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी:

उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी कार्यहरुको निर्णय उपर उजुरी सुन्ने अधिकारी कार्यालय प्रमुखको रहेको छ।

## (झ) सम्पादन गरेको कामको विवरण:

नियमानुसार राजश्व संकलन गरी तथा विभिन्न क्रियाकलाप संचालन गरी तालुक निकायमा प्रतिवेदन पेश गर्ने गरेको।

| **क्र.सं.** | **मुख्य क्रियाकलाप** | **क्रियाकलाप** | **आ.व. ०८१/०८२ तेस्रो त्रैमासिकसम्ममा जम्मा** |
|---|---|---|---|
| १. | उद्योग प्रशासन | उद्योग दर्ता | ४२ वटा |
| | | उद्योग नविकरण | ३७८ वटा |
| | | लगतकट्टा | २०४ वटा |
| | | अन्य संसोधन | १७८ वटा |
| २. | वाणिज्य प्रशासन | वाणिज्य दर्ता | ४५ वटा |
| | | वाणिज्य नविकरण | ६४३ वटा |
| | | लगतकट्टा | २६० वटा |
| | | अन्य संसोधन | ३०२ वटा |
| ३. | कार्यालयको राजश्व आम्दानी उद्योग तथा वाणिज्य प्रशासन तर्फ | | रु. ३९९००३५/- |

## (ञ) कार्यालय प्रमुख तथा सूचना अधिकारीको नाम, पदः



**कार्यालय प्रमुखको नामः** राजीव अर्याल
अधिकृत
सम्पर्क नम्बरः ९८५७०८६४५४



**सूचना अधिकारीको नामः** जीवन घिमिरे
वरिष्ठ प्रशासन सहायक
सम्पर्क नम्बरः ९८६७०८६६५४

## (ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- लुम्बिनी प्रदेश, औधोगिक व्यवसाय ऐन, २०७५
- प्राइभेट फर्म दर्ता ऐन, २०७६
- प्राइभेट फर्म दर्ता नियमावली, २०७६
- साझेदारी ऐन, २०७६
- साझेदारी नियमावली, २०७६
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५
- वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७
- कार्यविधि दिग्दर्शन, २०७२

## (ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण,

आ.व. २०८१/०८२ को तेस्रो त्रैमासिक (चैत्र महिनासम्मको) राजश्वको विवरणः

- कार्यलयमा प्राप्त एकमुष्ट राजश्वः रु. ३९९००३५/-

## (ड) तोकिए बमोजिमका अन्य विवरणः

नभएको ।

**(ढ) अघिल्लो आर्थिक बर्षमा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरणः**

नभएको ।

**(ण) कार्यालयको वेवसाइटः**

घरेलु तथा साना उद्योग कार्यालयको वेवसाइटः https://csigulmi.p5.gov.np/

**(त) प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः**

- नभएको ।

**(थ) सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः**

- स्वतः प्रकाशन ।

**(द) सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः**

- घरेलु तथा साना उद्योग कार्यालयको वेबसाइट तथा फेसबुक पेज (घरेलुतथा सानाउद्योग कार्यालय गुल्मी) मा प्रकाशन हुने गरेको ।




लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
गुल्मी

कार्यालय भवन